# मण्डनदेउपुर नगरपालिका

स्थानीय राजपत्र

खण्ड- ६ मण्डनदेउपुर, असार ३१ गते, २०७९ साल संख्याः७


भाग-१

## मण्डनदेउपुर प्रज्ञा प्रतिष्ठान

## (योजना, विकास एवम् भाषा, कला/ संस्कृति) ऐन, २०७९

*नगर सभाबाट पारित मितिः२०७९।०३।१९*

*प्रमाणीकरण मितिः२०७९।०३।२७*

**प्रस्तावना**

नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरी स्थानीय सरकारको व्यवस्था गरेबमोजिम मण्डनदेउपुर नगरपालिकाले योजना, विकास एवम् भाषा, साहित्य,

कला र संस्कृतिको संरक्षण, संवर्द्धन र विकासमा स्थानीय तहहरूले आफ्ना गतिविधिहरू सञ्चालनको गरेको सन्दर्भमा यसलाई अझै मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले नेपालको संविधान, २०७२ को धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम **मण्डनदेउपुरप्रज्ञा प्रतिष्ठान (योजना, विकास एवम् भाषा, कला/संस्कृति) ऐन** पारित गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.सङक्षिप्त नाम र परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

१.यस ऐनको नाम **मण्डनदेउपुर प्रज्ञा प्रतिष्ठान (योजना, विकास एवम् भाषा, कला/संस्कृति) ऐन, २०७९** रहनेछ ।

२.ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**२.परिभाषा**

क) प्रज्ञा प्रतिष्ठान/प्रतिष्ठान भन्नाले दफा ३ बमोजिम गठन भएको **मण्डनदेउपुर प्रज्ञा प्रतिष्ठान (योजना, विकास एवम् भाषा, संस्कृति)** लाई सम्झनु पर्छ ।

ख) प्रज्ञा सभा भन्नाले दफा ८ बमोजिम गठित प्रज्ञा सभालाई सम्झनु पर्छ ।

ग) प्रज्ञा परिषद भन्नाले दफा ९ बमोजिम गठित प्रज्ञा परिषदलाई सम्झनु पर्छ।

घ) नगरपालिका भन्नाले मण्डनदेउपुर नगरपालिकालाई सम्झनु पर्छ।

ङ) नगर प्रमुख भन्नाले मण्डनदेउपुर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

च) अध्यक्ष भन्नाले मण्डनदेउपुर प्रज्ञा प्रतिष्ठानको प्रमुखलाई सम्झनु पर्छ।

छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले मण्डनदेउपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ज) कार्यपालिकाकीय सदस्य भन्नाले मण्डनदेउपुर नगरपालिकाको कार्यपालिकाका सदस्य सम्झनु पर्छ।

झ) उपाध्यक्ष भन्नाले दफा (९) नगरपालिकाले मनोनयन गरेको मण्डनदेउपुर प्रज्ञा प्रतिष्ठानको उपाध्यक्षलाई सम्झनु पर्छ।

ञ) परिषद सदस्य भन्नाले ९ बमोजिम नगरपालिकाले मनोनीत गरेको मण्डनदेउपुर प्रज्ञा प्रतिष्ठानको परिषद सदस्यलाई सम्झनु पर्छ ।

ट) प्रज्ञा सभा सदस्य भन्नाले दफा (८) बमोजिम मण्डनदेउपुर प्रज्ञा प्रतिष्ठानको परिषद सदस्यलाई सम्झनु पर्छ ।

ठ) नगर सभा भन्नाले मण्डनदेउपुर नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

ड) सदस्य सचिव भन्नाले नगरपालिकाले सदस्य सचिवको कामकाजको जिम्मेवारी तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

ढ) सचिवालय भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिवालयलाई सम्झनु पर्छ ।

ण) विषयगत समिति भन्नाले दफा ११ अनुसार गठित विज्ञहरूको समिति वा थिङक टयाङकलाई सम्झनु पर्छ।

त) संरक्षक भन्नाले दफा (७) बमोजिमको पदेन संरक्षकज्यूहरूलाई सम्झनु पर्छ ।

तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

**३.प्रतिष्ठानको स्थापनाः**

**१.**नगरपालिकाभित्रको योजना निर्माण, भौतिक पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पर्यावरणको विकासका साथै अभौतिक भाषा, साहित्य, संस्कृति, कलाको अध्ययन, अनुसन्धान गरी संरक्षण, संवर्द्धन र विकासका लागि मण्डनदेउपुर प्रज्ञा प्रतिष्ठान स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

२. प्रतिष्ठानको कार्यालय मण्डनदेउपुर नगरपालिकाभित्र रहनेछ ।

**४. प्रतिष्ठान स्वतन्त्र र अधिकार सम्पन्न हुनेः**

१. प्रज्ञा प्रतिष्ठानले नगरसभाले पारित गरेको बजेट र नीतिको सीमाभित्र प्रज्ञा सभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सक्ने अभिन्न अङ्ग हुनेछ । यो एक स्वायत्त र अधिकारसम्पन्न प्रज्ञा प्रतिष्ठान हुनेछ ।

२. प्रतिष्ठानले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

३.प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्नेछ।

४. प्रतिष्ठानले व्यक्ति सरह करार गर्न करार बमोजिमको अधिकार प्रयोग गर्न तथआ दायित्व निर्वाह गर्न सक्नेछ ।

**५) प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरूः**

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) प्रज्ञा प्रतिष्ठान (योजना, विकास तथा भाषा, कला र संस्कृति) को नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

ख) नगर विकासको योजना निर्माण, भौतिक पूर्वाधार, कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, पर्यटन, पर्यावरण जस्ता विकासात्मक पक्षहरूको अध्ययन गरी योजना, कार्यक्रम र रणनीति निर्माण कार्य गर्ने,

ग) नगरको योजना, विकास तथा भाषा, साहित्य र कला संस्कृतिको अध्ययन अनुसन्धान, संरक्षण, संवर्द्धन र विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने,

ग) नगर क्षेत्रभित्रका स्रष्टाहरूका सिर्जनाहरूको प्रकाशनको लागि प्रोत्साहन गर्ने,

घ) नगरभित्रका साहित्यकारका साहित्यिक कृतिहरू निश्चित प्रतिशत खरिद गरी प्रोत्साहन गर्ने,

ङ) स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरूको समेत सहयोग वा उपहारस्वरूप ग्रहण गर्ने,

च) नगर क्षेत्रभित्रका सामुदायिक पुस्तकालयहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न प्रोत्साहन गर्ने

छ) नगरभित्र रहेका साहित्यिक संस्थाहरू नगरमा दर्ता, नवीकरण र सूचीकरण गर्ने,

ज) नगरमा भएका योजना, विकास एवम् भाषा, कला र संस्कृतिसम्बद्ध संस्थाहरूको अनुगमन र मूल्याङ्कन गर्ने नियामक निकायको भूमिका निर्वाह गर्ने,

झ) नगरमा भाषिक सांस्कृतिक सङ्ग्रहालय स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने,

ञ) सङ्घ, प्रदेश सरकार र अन्य स्थानीय पालिका एवम् नेपाल प्रज्ञा प्रतिष्ठान, नाट्य कला प्रतिष्ठान, ललितकला लगायत सरोकारवाला संस्थाहरूसित समन्वय र सहकार्य गर्ने,

ट) योजना, विकास, प्रशासन तथा भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र, दर्शनशास्त्र आदि विविध विषयको खोज, अनुसन्धान, अन्वेषण गर्न लेखनवृत्ति प्रदान गर्ने,

ठ) विश्वविद्यालयहरू/स्थानीय महाविद्यालयहरूसित सहकार्य गरी स्नातकोत्तर तहका विद्यार्थीहरूलाई योजना, विकास तथा भाषा, कला, साहित्य, संस्कृतिसँग सम्बन्धित विषयमा शोध कार्यका लागि प्रोत्साहन गर्ने,

ड) नगरभित्रका विविध भाषाका कृति र विदेशी भाषामा लेखिएका साहित्यिक कृतिहरूको अनुवादका लागि प्रोत्साहन गर्ने,

ढ) नगरको योजना र विकास तथ भाषा, साहित्य, संस्कृतिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन, गोष्ठी सञ्चालन गर्ने र सहभागिता जनाउने,

ण) नगरका विभिन्न जातजाति, धर्म, सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र सङ्ग्रहालय निर्माण गर्ने,

त) लामो समयदेखि योजना, विकास तथा भाषा, साहित्य साधनामा लागेर विशिष्ट पहिचान बनाएका स्रष्टाहरूलाई सम्मान गर्ने,

थ) लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण गर्ने तथा स्थानीय कलाको संरक्षण तथा संवर्धन गर्ने,

द) नगरस्तरीय आयोजना बैङ्क तथा कला गृह (आर्ट ग्यालरी) निर्माण गर्ने,

ध) प्रतिष्ठानको विज्ञ, विद्वान छनोटको मापदण्ड निर्माण गरी विशिष्ट विद्वान तथा वाङमय साधकलाई आजीवन सदस्यता प्रदान गर्ने,

न)योजना, विकास एवम् साहित्यिक र कलासम्बन्धी संस्थाहरूको जिल्ला प्रशासन कार्यालय तथा समाजकल्याण प्रतिष्ठानमा दर्ता नवीकरण गर्न नगरपालिकाले सहजीकरण र प्रोत्साहन गर्ने,

प) नगरसभाले पारित गरेका योजना एवम् विकासात्मक कार्यक्रम र अन्य भाषा, साहित्य, कला र संस्कृतिसम्बन्धी कार्य गर्ने ।

## परिच्छेद-३

## प्रतिष्ठानको संरचना

**६.प्रतिष्ठानको संरचना:** यस प्रतिष्ठानको संगठनात्मक संरचना देहायबमोजिम हुनेछ र यिनीहरूको सामूहिक रूप नै मण्डनदेउपुर प्रज्ञा प्रतिष्ठान हुनेछः

क) संरक्षक

ख) प्रज्ञा सभा

ग) प्रज्ञा परिषद

घ) विषयगत विभागहरू

ङ) विज्ञ सूची ।

**७.संरक्षक**

सङ्घीय सरकार तथा प्रदेश सरकारमा मन्त्रीको जिम्मेवारी प्राप्त गरिसकेका यस नगरपालिकाका विशिष्ट व्यक्तित्वहरू संरक्षकमा रहनेछन् ।

**८.प्रज्ञा सभाः**

१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्रज्ञा सभा रहनेछ ।

२) प्रज्ञा सभामा ११ जना रहनेछन् जसमा सभाको गठन देहायअनुसार हुनेछन्-

क) नगर प्रमुख -अध्यक्ष

ख) नगर उपप्रमुख -सदस्य

ग) उपाध्यक्ष -सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ङ) नगर शिक्षा अधिकारी- सदस्य

च) नगरपालिका क्षेत्रभित्र रहेका योजना, विकास तथा भाषा, साहित्य, कला, संस्कृति तथा साहित्यिक क्षेत्रमा विशिष्ट व्यक्ति, विद्वान र विज्ञहरूमध्येबाट समावेशितालाई समेत ध्यानमा राखी सिफारिस समितिबाट प्राप्त भएको सूचीको आधारमा एकजना महिलासहित ५ जना —सदस्य

छ) नगरपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी सदस्य सचिव

३. उपदफा (ख) र (छ) बमोजिम मनोनीत उपाध्यक्ष र सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ ।

४. कुनै कारणले प्रज्ञा सभाका मनोनीत सदस्यको पद रिक्त हुन आएमा बाँकी कार्यकालको लागि त्यस्तो सदस्य जुन विधा, क्षेत्रबाट मनोनीत भएको हो सोही विधा, क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

५. प्रज्ञा सभाको काम, कर्तव्य र **अधिकारः** प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) प्रज्ञा प्रतिष्ठानको नीति निर्धारण गर्ने,

ख) नगर सभाले तोकेको बजेटको सीमामा रही प्रतिष्ठानको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने,

ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

घ) विद्वतवृत्ति, सम्मान र पुरस्कार अनुमोदन गर्ने,

ङ) परिषदलाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने,

च) परिषदको कामको अनुगमन र मूल्याङकन गर्ने,

छ) प्रतिष्ठानको नियमावली स्वीकृत गर्ने,

ज) तोकिए बमोजिमको काम गर्ने,

६) प्रज्ञा सभाको बैठक वर्षमा १ पटक बस्नेछ । बैठक बस्नुअघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूचीसहितको सूचना सभाका सदस्य सचिवले सदस्यहरूलाई कम्तीमा ४८ घण्टा पहिले दिनुपर्नेछ ।

७) सभामा तत्काल कायम रहेका सदस्यको सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

८) सभाको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

९) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

१०. सभाको बैठकको निर्णय सभाको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ

११. सभाको बैठकसम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**९) प्रज्ञा परिषदको गठनः**

१) प्रज्ञा प्रतिष्ठानको प्रशासनिक तथा प्रज्ञा सभाबाट/नगरसभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि एक स्वतन्त्र र अधिकारसम्पन्न कार्यकारिणी निकायको पाँच सदस्यीय प्रज्ञा परिषद रहनेछ ।

२) परिषदको गठन र स्वरूप देहायअनुरूप हुनेछः

क) उपाध्यक्ष -अध्यक्ष

ख) प्रज्ञा सभा सदस्यमध्येबाट १ जना महिलासहित ५ जना- सदस्य

ग) नगरपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी- सदस्य सचिव ।

३.कुनै कारणले उपदफा २ ख) बमोजिमको सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

४. परिषदअन्तर्गत नगर कार्यपालिकाका विषयगत समितिका संयोजक पदेन सदस्य रहने गरी योजना, विकास एवम् भाषा-साहित्य, कला र संस्कृतिजस्ता विषयगत क्षेत्र हेर्ने गरी विभागहरू गठन गरिनेछ।

९. प्रज्ञा परिषदको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) प्रज्ञा सभाले गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

ख) प्रज्ञा सभाले दिएको निर्देशन पालना गर्ने,

ग) सदस्य सचिवले पेस गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यक्रमहरूको सम्बन्धमा छलफल तथा आवश्यकतानुसार संशोधन गरी अनुमोदनका लागि प्राज्ञ सभामा पेस गर्ने,

घ) विद्वतवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनका लागि प्रज्ञा सभामा पेस गर्ने,

ङ) परिषदको कामकारबाहीको सम्बन्धमा आवश्यकतानुसार समिति, उपसमिति वा कार्यटोली, विषयगत विभागहरू गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने,

च) तोकिए बमोजिमको काम गर्ने ।

## १०. सिफारिस समिति

१.प्रतिष्ठानले उपाध्यक्ष, मनोनीत हुने प्रज्ञा सभाका सदस्यहरू र प्रज्ञा परिषदका सदस्यहरूको मनोनयनका लागि नगरपालिकासमक्ष सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा नगर प्रमुखले तोकेका २ जना प्रतिष्ठित विज्ञ वा विद्वानहरू सम्मिलित सिफारिस समिति गठन गर्नेछ।यस समितिले विज्ञ रोस्टर सूचीमा समावेश गर्नुपर्ने विज्ञ, विद्वान र अध्येताहरूको छनोट गर्ने कार्य समेत गर्नेछ ।

२.उपदफा १ बमोजिम गठित सिफारिस समितिले नगरपालिकाबासी एवम् क्षेत्रभित्र रहेका योजना, विकास तथा कला, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रसम्बन्धी विधामा १० वर्षदेखि क्रियाशील रहेका अध्ययन, अनुसन्धान र कार्यक्रममा अनुभव हासिल गरेका, प्राज्ञिक क्षेत्रमा विशिष्ट पहिचान बनाएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट सम्भव भएसम्म योजना, विकास एवम् भाषा-साहित्य, कला, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रसम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने जाति, लिङग, भाषाभाषी समेतलाई समेट्ने गरी प्रज्ञा परिषदको उपाध्यक्षको लागि ३ जना र प्रज्ञा सभाका लागि ५ जना तथा प्रज्ञा परिषद सदस्यका ५ जना गरी जम्मा १० जनाको नाम नगरपालिका समक्ष मनोनयको लागि सिफारिस गर्नेछ। साथै समितिले विषयगत विभागका गठनका लागि सम्बद्ध क्षेत्रमा विज्ञ, विद्वान र अध्येताहरू कम्तीमा ३ देखि ५ जनासम्मको सूची बनाई कार्यपालिकासमक्ष सिफारिस गर्नुपर्नेछ ।

३) सिफारिस समितिबाट सिफारिस भई आएका व्यक्तिहरूमध्येबाट नगर कार्यपालिकाले एक जना उपाध्यक्ष, कम्तीमा एक जना महिलासहित ५ जना प्रज्ञा परिषद सदस्य र कम्तीमा एकजना महिलासहित ५ जना प्रज्ञा सभा सदस्यहरूको मनोनयन गर्नेछ ।

### ११. विषयगत विभागहरू

क) प्रतिष्ठानमा आवश्यकतानुसार विभिन्न विषय क्षेत्रका विज्ञहरूसहितको विषयगत विभागहरू गठन गर्न सकिनेछ।उक्त विभागका संयोजक एवम् पदाधिकारीहरू सिफारिस समितिको सुझावका आधारमा नगर कार्यपालिकाले गठन गर्नेछ ।

ख) नगरपालिकाका विषयगत समितिका संयोजकहरू विभागको पदेन सदस्य रहनेछन् भने यो समिति थिङक ट्याङक रूपमा रहने भएकाले कम्तीमा ३ देखि अधिकतम ५ जना सम्बद्ध क्षेत्रको विज्ञसहितको विभाग गठन गरिनेछ। देहायका विभागहरूका अतिरिक्त थप विषयगत विभागहरू समेत गठन गर्न सकिनेछः

अ) योजना, विकास र अनुगमन विभाग

आ) कृषि तथा पशुपालन विभाग

इ) शिक्षा, युवा तथा खेलकुद विभाग

ई) उद्योग, व्यापार र वाणिज्य विभाग

उ) भाषा, साहित्य, कला र संस्कृति विभाग

ऊ) स्वास्थ्य, जनसङख्या र वातावरण विभाग

ए) सूचना, प्रविधि र सञ्चार विभाग

ऐ) अन्य (आवश्यकतानुसार) ।

### १२.विज्ञसूची

प्रतिष्ठानले देश विदेशका इच्छुक विषयविज्ञ, विद्वान र अध्येताहरूलाई खुला सूचना आव्हान गरी विभिन्न क्षेत्रमा विज्ञ व्यक्तिहरूको रोस्टर सूची बनाउनु पर्नेछ। यसको व्यवस्थापन र अद्यावधिक गर्ने काम प्रज्ञा परिषद गर्नु पर्नेछ ।

## परिच्छेद-४

**प्रतिष्ठानको अध्यक्ष, उपाध्यक्ष, प्रज्ञा सभा सदस्य र परिषद सदस्य तथा सचिवालय**

**१३.अध्यक्ष** १) प्रतिष्ठानको कुलपति नगर प्रमुख रहनेछ ।

**१४.उपाध्यक्ष** १)उपाध्यक्ष प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

२) उपाध्यक्षको नियुक्तिः नगर प्रमुख (अध्यक्ष) ले कार्यपालिकामा निर्णय गराई उपदफा १० बमोजिम गठित सिफारिस समितिको सिफारिसका आधारमा प्रतिष्ठानको उपाध्यक्ष नियुक्ति गर्नेछ ।

३) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) सभाले दिएको निर्देशन र परिषदले गरेको निर्णय कार्यान्वयन गर्ने, गराउने,

ख) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरू र प्रगति प्रतिवेदन तयार गर्ने, गराउने ।

ग) स्वदेशी तथा विदेशी सङ्घसंस्थाहरूसँग प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सम्पर्क, समन्वय गर्ने, गराउने,

घ) तोकिए बमोजिम काम गर्ने,

**१५. प्रज्ञा सभा सदस्यः** १) प्रज्ञा प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि दफा ७ (२) बमोजिमको प्रज्ञा सभा सदस्यहरू रहनेछन्।

२) प्रतिष्ठानका अध्यक्षले उपदफा १० बमोजिम गठित समितिको सिफारिसमा प्रज्ञा सभा सदस्यको नियुक्ति गर्नेछ ।

**१६. प्रज्ञा परिषद सदस्यः** १) प्रज्ञा प्रतिष्ठानको काम कारबाहीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न दफा ८ (२) बमोजिम प्रज्ञा परिषद सदस्यहरू रहनेछन् ।

**१७.सदस्य सचिवः** १) प्रज्ञा प्रतिष्ठानको कामकारबाहीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न नगरपालिकाले एक अधिकृतस्तरको कर्मचारीलाई सदस्य सचिव तोक्नेछ ।

२.सदस्य सचिवको काम तोकिए बमोजिम हुनेछ ।

**१८. पद रिक्त हुनेः १)** देहायको अवस्थामा प्रतिष्ठानका अध्यक्ष, उपाध्यक्ष, प्रज्ञा सभाका सदस्यहरू र प्रज्ञा परिषदका सदस्यहरूको पद रिक्त भएको मानिनेछः

क) निजको पदावधि समाप्त भएमा

ख) निजले राजीनामा दिएमा

ग) निजको मानसिक सन्तुलन ठीक नभएमा

घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोग अदालतबाट सजाय पाएमा

ङ) निज दफा १७ बमोजिम हटेमा

च) निजको मृत्यु भएमा ।

**१९. पदबाट हटाउन सक्नेः**

१.प्रतिष्ठानका उपाध्यक्ष, प्रज्ञा सभा तथा प्रज्ञा परिषदका मनोनीत सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमानदारीपूर्वक कार्य नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई प्रज्ञा सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाइ सदस्यले अध्यक्षसमक्ष निवेदन दिएमा एक छानबिन समिति गठन गर्नेछ ।

२.उपदफा १ बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन अध्यक्षसमक्ष पेस गर्नेछ ।

३. उपदफा २ बमोजिम पेस भएको प्रतिवेदनबाट निजलाई पदबाट हटाउन उपयुक्त लागेमा अध्यक्षले हटाउन सक्नेछ।

४. प्रतिष्ठानको उपाध्यक्ष, प्रज्ञा सभाका सदस्य र प्रज्ञा परिषदका सदस्यहरूलाई पदबाट हटाउन अघि सफाइको मौका दिनुपर्नेछ।

**२०.सचिवालयः** १)प्रतिष्ठानको सचिवालय नगरपालिकामा रहनेछ।

२) प्रतिष्ठानको सम्पर्क समन्वय शाखाको रूपमा शैक्षिक प्रशासन शाखा रहनेछ ।

३) प्रतिष्ठानको वार्षिक प्रतिवेदन यसै शाखामार्फत नगरपालिकामा पेस हुनेछ ।

४) सचिवालयमा प्रतिष्ठानका सचिव तथा आवश्यकतनुसार अन्य कर्मचारीहरू रहन सक्नेछन् ।

## परिच्छेद-५

## कर्मचारी व्यवस्थापन तथा सेवा, शर्त र सुविधा

**२१) कर्मचारीसम्बन्धी व्यवस्थाः**

(१) प्रतिष्ठानका लागि आवश्यक पर्ने कर्मचारीहरू प्रतिष्ठान वा नगरपालिकाको श्रोतबाट खर्च व्यहोर्ने गरी नगर कार्यपालिकाले तोकिए बमोजिम नियुक्त गर्न सक्नेछ ।

(१क) उपदफा (१) बमोजिम प्रतिष्ठानका कर्मचारीहरूको नियुक्ति नभएसम्मको लागि नगरपालिकाको कुनै कर्मचारीलाई प्रतिष्ठान वा नगरपालिकाबाट तलब खाने गरी नगरकार्यपालिकाले काज खटाउन सक्नेछ ।

(२) उपदफा (१क) बमोजिम नगरपालिकाबाट काजमा खटाएका कर्मचारीहरूको पदाधिकार निज जुन कार्यालयबाट काज खटिएको हो सोही कार्यालयको दरबन्दीमा रहनेछ ।

(३) प्रतिष्ठानमा काजमा खटिएका कर्मचारीलाई नगरपालिकाले अन्यत्र काज खटाउनु वा सरुवा गर्नु परेमा त्यसको सूचना सिफारिस समितिलाई दिनेछ ।

(४) प्रतिष्ठानमा काज खटिएका नगरपालिकाका कर्मचारीको सरुवा, बढुवा र विभागीय कारवाही निजामती सेवासम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(५) प्रतिष्ठानमा काजमा खटिएका नगरपालिकाको कर्मचारीलाई विभागीय कारबाही गर्नुपर्ने भएमा समितिले सो कर्मचारी उपर कुन आरोप लागेको हो त्यसको स्पष्ट कारण खुलाई विभागीय कारबाहीको लागि नगरपालिकासमक्ष पेस गर्नुपर्नेछ ।

**२२. पारिश्रमिक र भत्ताः**(१) प्रतिष्ठानका कर्मचारीहरूले तोकिएबमोजिम पारिश्रमिक पाउनेछन् ।

२) प्रतिष्ठानका उपाध्यक्ष, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषदका सेवा, सुविधा नगर कार्यपालिकाले निर्धारणगरे बमोजिम हुनेछ ।

३) प्रतिष्ठानको बैठकमा भाग लिएबापत प्रतिष्ठानको प्राज्ञ सभा, प्राज्ञ परिषद र विभागीय समितिका पदाधिकारी एवम् सदस्यले प्रचलित कानुनबमोजिम दैनिक भ्रमण भत्ता, यातायात सुविधा, बैठक भत्ताका अतिरिक्त विज्ञ सेवाबापतको पारीश्रमिक समेत नियमानुसार पाउनेछन् ।

## परिच्छेद-६

## कोष र लेखापरीक्षण

**२३. प्रतिष्ठानको कोषः** (१) समितिको एउटा कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्

(क) नगरपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त रकम,

(ग) प्रवेश शुल्क, भाडा तथा कक्ष शुल्कबाट उठेको रकम,

घ) अध्ययन, अनुसन्धान र कार्यक्रम सञ्चालनबाट आर्जित रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) को खण्ड (क) बमोजिम नगरपालिकाले समितिलाई पाँच वर्षसम्म रकम उपलब्ध गराउनेछ र त्यसरी रकम उपलब्ध गराउँदा पहिलो वर्ष उपलब्ध गराएको रकममा प्रति वर्ष बीस प्रतिशतका दरले घटाउँदै जानेछ ।

(३) समितिले उपदफा (१) को खण्ड (ख) बमोजिमको कुनै रकम प्राप्त गर्नु नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषमा रहने रकम समितिले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(६) प्रतिष्ठानको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**२४. लेखा र लेखापरीक्षणः**

(१) प्रतिष्ठानको आयव्ययको लेखा नगरपालिकाले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) नगरपालिकाले चाहेमा जुनसुकै बखत पनि प्रतिष्ठानको हिसाबकिताब जाँच्न वा जँचाउन सक्नेछ ।

**२५. वार्षिक प्रतिवेदन**

प्रतिष्ठानले आफूले वर्षभरि सम्पादन गरेको कामको संक्षिप्त विवरण, समितिले गरेको आम्दानी तथा खर्च, कामकारबाही गर्दा देखिएका समस्या, लेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित संक्षिप्त व्यहोरा तथा भविष्यमा सञ्चालन गर्ने योजना तथा कार्यक्रमसमेत समावेश गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगरपालिकासमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नगरपालिकाले सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद-७

## विविध

**२६. अधिकार प्रत्यायोजनः**

(१) प्रतिष्ठानले आवश्यकतानुसार आफ्नो केही अधिकार प्रज्ञा परिषदका अध्यक्ष, उपाध्यक्ष ,प्राज्ञ सदस्य, सदस्य सचिव, दफा ११ बमोजिम गठित विषयगत विभागका पदाधिकारी वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२७. नगरपालिकासँगको सम्पर्कः**नगरपालिकासँग सम्पर्क कार्य नगरपालिका शिक्षा शाखामार्फत राख्नुपर्नेछ।

**२८) शपथ ग्रहणः** प्रतिष्ठानका उपाध्यक्ष, प्रज्ञा सभा तथा परिषदका मनोनीत सदस्यहरूले अनुसूची-१ बमोजिम अध्यक्ष समक्ष शपथ लिनु पर्नेछ ।

**२९) सदस्यता वितरणः** प्रतिष्ठानले मापदण्ड निर्धारण गरी नगरपालिकाको योजना, विकास एवम् भाषा-साहित्य,कला-संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने स्रष्टाहरूलाई ऐनबमोजिम विशिष्ट,श्रेयस्कर, आजीवन सदस्यता उपलब्ध गराउन सक्नेछ ।

**३०. छापः** प्रतिष्ठानले छुट्टै प्रतीक चिन्ह/लोगो, लेटर प्याड र छापको प्रयोग गर्न सक्नेछ।

**३१.नियमः** नगरपालिकाले यस ऐनको उद्देश्य कार्यान्वयनका गर्न नियम, नियमावली, कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

## अनुसूची-१

# शपथ

### दफा १९ (१) सँग सम्बन्धित

म.....................................................सत्य र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु । ईश्वर र जनाको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सावभौमसत्ता नेपाली जनतामा मात्र निहीत रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही मण्डनदेउपुर नगरपालिका प्रज्ञा प्रज्ञा प्रतिष्ठानको ........... पदको कामकाज प्रचलित कानुनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारितासाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दाबाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

**<u>शपथ गर्ने</u>**

नाम र थरः    दस्तखतः

पदः

मितिः

**<u>शपथ गराउने</u>**

नाम र थरः    दस्तखतः

पदः अध्यक्ष

मितिः

**अनुसूची-२**

**प्रतीक चिन्ह**

**दफा १९ को (४) सँग सम्बन्धित**

षट्कोणको बीचमा सरस्वतीको तस्विर रहने, त्यसको सिरानमा मण्डनदेउपुर नगरपालिका प्रज्ञा प्रतिष्ठान र पुछारमा मण्डनदेउपुर काभ्रेपलाञ्चोक (स्था.२०७९) त्यसको तल्लापट्टि बागमती प्रदेश नेपाल रहनेछ ।

**आज्ञाले,**

**(डा.लोकबहादुर लोप्चन)**

**प्रमुख प्रशासकीय अधिकृत**